# दुर्घटनामा दुई जनाको मृत्यु

**तनहुँ समाचारदाता**
*तनहुँ, असार १४ गते*

पृथ्वी राजमार्गमा पर्ने व्यास नगरपालिका–१२, देउरालीमा मङ्गलबार ५:५० बजे दुर्घटना हुँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ।

डुम्रेबाट दमौली जाँदै गरेको बा. ४३ प ३०२० नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको ग. ३ च ४१८२ नम्बरको बलेरो जिप ठक्कर खाँदा मोटरसाइकलमा सवारको मृत्यु भएको प्रहरीले जनाएको छ। हेटौँडा उपमहानगरपालिका–१३ घर भई हाल गजरमुखी प्रालिमा काम गर्ने मोटरसाइकल चालक २६ वर्षीय जयराम मोक्तान र पछाडि सवार मकवानपुर भीमफेदी गाउँपालिका–१ घर भई हाल गजरमुखी प्रालिमा काम गर्ने २३ वर्षीय दिपेश गोलेको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रमुख गोकर्ण नेपालले जानकारी दिनुभयो। दुर्घटनामा सख्त घाइते भएपछि उपचारका लागि ल्याइएकोमा साँझ ७:१५ बजे जिल्ला अस्पताल दमौलीका चिकित्सकद्वारा मृत घोषणा गरिएको जानकारी उहाँले दिनुभयो।

दुवै शव पोस्टमार्टमका लागि दमौली अस्पतालको शवगृहमा राखिएको छ। बलेरो र बलेरो चालक जिल्ला प्रहरी कार्यालय तनहुँको नियन्त्रणमा रहेको ट्राफिक प्रमुख नेपालले जानकारी दिनुभयो।

# गोठालोलाई भत्ता

**खलङ्गा समाचारदाता**
*जाजरकोट, असार १४ गते*

जाजरकोटको बारेकोट गाउँपालिकाले व्यावसायिक पशुपालन गरेका किसानलाई गोठालो भत्ता दिने निर्णय गरेको छ। पशुपालन व्यवसायतर्फ किसानलाई आकर्षित गर्न दसभन्दा बढी भैँसी, एक सयभन्दा बढी भेडाबाख्रा पाल्ने किसानलाई आगामी साउनदेखि गोठालो भत्ता दिने निर्णय गरेको हो।

आगामी आर्थिक वर्षको नीति कार्यक्रममा प्रतिपरिवार मासिक दुई हजारका दरले गाउँपालिकाले भत्ता दिने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले बताउनुभयो। पशुपालन व्यवसाय र कृषि पेसाबाट जीविकोपार्जन गरेका किसानलाई व्यावसायिक पशुपालनतर्फ प्रेरित गरी आयआर्जन सुधार गर्न गोठालो भत्ताको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो। बारेकोटबाट जुम्लाको सिमानामा पर्ने पाटनमा हजारौँको सङ्ख्यामा वर्षत्मा भेडाबाख्रा र गाईभैँसी लैजाने गरिन्छ। पाटनक्षेत्र चरनका लागि उपयुक्त स्थान मानिन्छ। पहिरोको उच्च जोखिम रहेको, कृषि उत्पादन कम हुने बारेकोटका किसानका लागि पशुपालन व्यवसाय आत्मनिर्भर बनाउने प्रमुख व्यवसाय हो।

बारेकोटका करिब एक सय घरपरिवारले व्यावसायिक रूपमा पशुपालन व्यवसाय गरेका छन्।



## भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

का.जि. का.म.न.पा.–२२ बस्ने नानी छोरी श्रेष्ठले मेरो पति पुरुषोत्तम प्रसाद श्रेष्ठका नाममा दर्ता प्रमाणित रहेको भ.पु.जि. बागेश्वरी वडा नं. २/ग कि.नं. ७५४ को क्षे.फ. ०–९–३–० जग्गा भएकोमा, पुरुषोत्तम प्रसादको २०६७।१२।३० मा मृत्यु भई हक खाने १ मात्र श्रीमती नानी छोरी श्रेष्ठ, छोराहरू महेश्वर प्रसाद, बिन्देश्वर प्रसाद, राजेश्वर प्रसाद, कैलाश प्रसाद र बैकुण्ठ प्रसाद श्रेष्ठ समेत जना–६ बाहेक अन्य कोही नभएको हुँदा मेरो नाउँमा ना.सा. गरिपाउँ भनी माग निवेदन गरेको। साथै मोठ स्रेस्ताको कैफियत महलमा प्रमाणित नभएको, तीन पुस्ते, ना.प्र.नं. विवरण र सक्कल ज.ध. प्र. पुर्जा नभएको, मि.नं. ३१२ मिति २०६९/०७० को मिसिल भिडेको भनी मोठ फाँटबाट समेत लेखिआएको र दर्तावालाको नाम कुनैमा पुरुषोत्तम प्रसाद श्रेष्ठ, कुनैमा पुरुषत्तम भई फरक–फरक देखिए तापनि उक्त व्यक्ति अलग–अलग नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडाबाट समेत सिफारिस भई आएको देखिँदा यसमा निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम ना.सा. हुनुनपर्ने कुनै मनासिब कारण भए वा उक्त मिसिलका कोही सरोकारवाला व्यक्ति भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री ॐ हेल्थ क्याम्पस प्रा.लि., गोपिकृष्णनगर, चावहिल, काठमाण्डौको प्रमाण–पत्र तह नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी जरुरी सूचना**

*तेस्रो पटक प्रकाशित मितिः २०७९/०३/१५*

यस परिषद्बाट प्रमाण-पत्र तह नर्सिङ्ग, (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन स्वीकृति लिएको संस्था श्री ॐ हेल्थ क्याम्पस प्रा.लि., गोपिकृष्णनगर, चावहिल, काठमाण्डौले उक्त कार्यक्रमलाई श्री हेल्पिङ्ग ह्यान्ड्स सामुदायिक अस्पताल, चावहिल, काठमाण्डौको नाममा हस्तान्तरण (स्थानान्तरण) गरी पाउँ भनी दिएको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७९/०३/०८ गतेको निर्णय अनुसार उक्त नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध भए अन्तिम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण सहित हकदावी विरोधको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद नाघि आएका उजुरी उपर कुनै कारवाही नहुने तथा कार्यक्रम हस्तान्तरण प्रकृया अगाडी बढ्ने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८

## नेपाल सरकार
## शिक्षक सेवा आयोग
## वढुवा सिफारिस समितिको सचिवालय
## शिक्षा विकास निर्देशनालय, हेटौँडा

**कार्य सम्पादन मूल्याङ्कनका आधारमा शिक्षक बढुवाको सूचना**

शिक्षक सेवा आयोग, बढुवा सिफारिस समितिको सचिवालय, शिक्षा विकास निर्देशनालय, हेटौँडाको निर्णयानुसार बढुवाका लागि निवेदन पर्न आएका उम्मेदवारहरूमध्ये शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को परिच्छेद ४ को नियम ३३ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने निम्नलिखित जिल्ला, तह, श्रेणी र विज्ञापन अनुसारका देहायका उम्मेदवारहरूको बढुवा नामावली, शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम ३४ को प्रयोजनका लागि प्रकाशित गरिएको छ। बढुवा सिफारिस समितिले गरेको बढुवा उपर चित्त नबुझेमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र माध्यमिक तह प्रथम श्रेणीको रु.७५०।– र निम्न माध्यमिक तह प्रथम श्रेणीको रु.६००।– यस निर्देशनालयले तोकेको राजस्व खातामा जम्मा गरी यस निर्देशनालयमा उजुरी दिने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला : दोलखा**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ११४३३३ | गोविन्द नारायण मानन्धर | ८९.०० |

**जिल्ला : रामेछाप**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २४१३९ | लक्ष्मण कुमार घिमिरे | |
| २ | २४११३ | नीर बहादुर कार्की | ८८.०० |

**जिल्ला : सिन्धुली**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ५५९१२ | जितेन्द्र कुमार महासेठ | |
| २ | ११२४८५ | कृष्ण प्रसाद निरौला | ८३.८८ |

**जिल्ला : सिन्धुपाल्चोक**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १२६८१० | कुमार प्रसाद खतिवडा | |
| २ | १०५१४५ | बालकृष्ण चालिसे | ७९.७८ |

**जिल्ला : नुवाकोट**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ५९५६१ | द्वारिका प्रसाद पाण्डे | ८१.७० |

**जिल्ला : धादिङ**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १०१४४२ | राजन प्रसाद अधिकारी | |
| २ | १०१६०४ | सहदेव रेग्मी | ७७.९५ |

**जिल्ला : काभ्रेपलाञ्चोक**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ३४४३३ | शंकरलाल अधिकारी | ९३.८० |

**जिल्ला : भक्तपुर**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १५८१७ | सर्जनी जोशी | ८८.०० |

**जिल्ला : काठमाडौँ**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : ४

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ५३७४३ | बलराम कार्की | |
| २ | ५०५८२ | जयसिंह चौधरी | |
| ३ | १४१८२४ | दुर्गादत्त पौडेल | |
| ४ | ५०२६५ | कृष्ण भक्त थापा | ८५.६३ |

**जिल्ला : ललितपुर**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १०५९२ | सरोज कुमार के.सी. | |
| २ | १०६७३४ | मिन बहादुर अछामी | ८६.५५ |

**जिल्ला : मकवानपुर**
वि.नं :०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २६४२७ | वीरबंश बैठा | |
| २ | ५३६०४ | निरन्जन प्रसाद ढकाल | ८१.५९ |

**जिल्ला : चितवन**
वि.नं : ०६/०७८/०७९ तह : माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : ३

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १५१७६ | मुक्तिनाथ लामिछाने | |
| २ | ६३७४९ | रामेश्वर न्यौपाने | |
| ३ | १०८६५३ | रेशमबाबु ढकाल | ८४.०५ |

**जिल्ला : रामेछाप**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ११५०५२ | यज्ञ बहादुर कार्की | ८१.५१ |

**जिल्ला : सिन्धुपाल्चोक**
वि.नं :०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २१५३७ | कृष्ण बहादुर गुरुङ | ९५.०० |

**जिल्ला : नुवाकोट**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २४७१७ | शान्ति श्रेष्ठ प्रधान | ८७.०० |

**जिल्ला : धादिङ**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : ४

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १७२२८ | टंक प्रसाद सिलवाल | |
| २ | १३८२७ | कृष्ण प्रसाद रूवाली | |
| ३ | १९०६८ | नारायण नेपाल | |
| ४ | १६१४३ | भरत प्रसाद सिंखडा | ७८.७८ |

**जिल्ला : भक्तपुर**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १६६४४ | सन्ध्या हाडा धौभडेल | ८६.७९ |

**जिल्ला : काठमाडौँ**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : ८

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ४५९९५ | तारादेवी घिमिरे | |
| २ | ४७०४१ | डा.जयन्ती कुमारी रूपाखेती | |
| ३ | ४९७७५ | हरिकला पौड्याल काफ्ले | |
| ४ | १५४५० | राज मंगल साह | |
| ५ | ५९८३२ | दिनेश पाण्डे | |
| ६ | १३९५१७ | कृष्ण प्रसाद अंगाई | |
| ७ | ५८०४४ | श्याम खड्का | |
| ८ | ६०४७९ | राधिका न्यौपाने बस्नेत | ९०.४२ |

**जिल्ला : ललितपुर**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : ३

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ५३२२६ | धर्मानन्द जोशी | |
| २ | ५९९४६ | दीपक कुमार गौतम | |
| ३ | ४२६७८ | मिठाराम थापा | ९३.१८ |

**जिल्ला : मकवानपुर**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : १

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | ५३२९८ | राजु प्रसाद घिमिरे | ९०.०० |

**जिल्ला : चितवन**
वि.नं : ०४/०७८/०७९ तह : निम्न माध्यमिक
श्रेणी : प्रथम पद सङ्ख्या : २

| क्र.सं. | सङ्केत नं. | शिक्षकको नाम थर | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १७२५४ | राना बहादुर गुरुङ | |
| २ | ८४७६ | यम बहादुर रानाभाट | ९३.०० |

निमित्त निर्देशक

## राष्ट्रपतिको कार्यालय
## राष्ट्रपति भवन,
## महाराजगञ्ज काठमाडौं

**कार्यालय सामान खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति २०७९/०३/१५ बोलपत्र सूचना नं. २/०७९/०८०**

यस कार्यालयको लागि आ. व. ०७९/८० को लागि देहाय बमोजिमको कार्यालय सामान (बस्तु तथा सेवा) खरीद गर्नु पर्ने भएकोले कार्यालय सामान (बस्तु तथा सेवा) उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुले निम्न शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ३१ दिन भित्र रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | सेवाको अवधि | बोलपत्र जमानत रकम | बोलपत्रको मान्य अबधि |
|---|---|---|---|---|
| OOP/१/२०७९/०८० | कार्यालय सामान आपूर्ति | १ बर्ष | | बोलपत्र पेश गर्ने अन्तिम दिनबाट ९० दिन |

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट रु. ३,०००।- (तीन हजार) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित मितिले ३१ औं दिन मध्यान्ह १२:०० बजे भित्र आफूले कबोल गरेको दररेट, अंक र अक्षरमा प्रष्ट उल्लेख गरी बोलपत्र फाराम दर्ता गराई सक्नु पर्नेछ। दरखास्त साथ नविकृत फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपिहरु १/१ प्रति पेश गर्नुपर्नेछ।
३. दाखिला हुन आएका बोलपत्रहरु सोही दिन अपरान्ह २:०० बजे खोलिने छ। बोलपत्र खरिद र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा, बिदा पछि लगतै कार्यालय खुलेको दिन तत् तत् समय भित्र खरिद र दर्ता गर्न सकिनेछ।
४. बोलपत्रसाथ बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. ११००२०३०००००० मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम दिनबाट कम्तिमा १२० दिन म्याद भएको “क” वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिड बण्ड संलग्न हुनपर्नेछ।
५. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा गर्नुपर्नेछ।
६. बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहि छाप नभएको, सबै आइटमहरुको दररेट नभरेको, जम्मा रकम अंक र अक्षरमा नलेखिएको बोलपत्रको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै वा सबै रीत नपुगेको, जमानत वापतको रकम नगद वा विडवण्ड संलग्न नभएको, शिलबन्दी भै नआएको तथा सार्वजनिक खरिद ऐन, २०६३, र सार्वजनिक खरिद नियमावली, २०६४ बिपरीत शर्त राखी पेश गरिएको बोलपत्र मान्य हुने छैन। दररेट अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
७. बोलपत्र फाराम वापतको राजश्व रकम जम्मा गर्न:
बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक, ठमेल, काठमाडौं
कार्यालयको नाम : राष्ट्रपतिको कार्यालय
कार्यालय कोड : १०१००३५०१
कार्यालयको खाता नं. : १०००२०००१००००
राजश्व शीर्षक नं. : १४२२९
८. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. माथि उल्लिखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ।
११. यस सम्बन्धी थप जानकारी आवश्यक परे कार्यालय खुलेको समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
१२. यो सूचना कार्यालयको वेबसाईट https://www.president.gov.np तथा सार्वजनिक खरीद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा समेत हेर्न सकिनेछ।

## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
वागमती प्रदेश, नेपाल

**खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धमा**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०३।१५**

तपसिलमा उल्लेखित तपाई निर्माण व्यवसायीले तपसिलमा उल्लेखित ठेक्काको खरिद सम्झौतामा उल्लेख भए अनुसार तोकिएको अवधिमा सम्पन्न गर्नु पर्ने काम सम्पन्न नगरेको, निर्माण स्थल जिम्मा नलिई अलपत्र छोडेका, कार्यालय तथा प्राविधिकवाट पटक पटक ताकेता गर्दा पनि सम्पर्कमा नआई, निर्माण स्थल जिम्मा नलिई काम शुरु नगरी तपाई र यस नगरपालिका विच भएको खरिद संझौताको गम्भिर उलंघन गरेकोले तपाईसंगको खरिद संझौताको अनत्य गरी वैंक जमानत जफत गर्ने र सार्वजनिक खरिद ऐन २०६३ वमोजिम कालो सूचिमा सूचिकृतको लागि लेखि पठाउनेसम्मको कारवाही प्रक्रिया शुरु भएकोले कारवाही नगर्नु पर्ने कुनै औचित्य पूर्ण कारण र आधार भएमा सोको लिखित जानकारी सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यलयमा सम्पर्क राख्न आउनु हुन सूचित गरिन्छ। अन्यथा नियमानुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निमाण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | 025/WORKS/NCB/KM/077/078 | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घरसम्मको वाटो कालो पत्रे | अर्भान कन्ष्ट्रक्सन प्रा. लि. भरतपुर - १ चितवन |
| २ | 023/WORKS/NCB/KM/077/078 | तुलसी खनालको घर छेउ देखि भिम पनेरुको घरसम्म | अर्भान कन्ष्ट्रक्सन प्रा. लि. भरतपुर - १ चितवन |
| ३ | 022/WORKS/NCB/KM/077/078 | गोपीलामा घर चोक देखि उदयपुर सा. वन, काठेपुल देखि रुम्वा टोल सडक | अर्भान कन्ष्ट्रक्सन प्रा. लि. भरतपुर - १ चितवन |
| ४ | 027/WORKS/NCB/KM/077/078 | विभिन्न कल्भर्ट निर्माण | सेक्टर कन्सल्टेन्ट एण्ड डेभ्लपर रत्ननगर १० |
| ५ | 004/WORKS/NCB/KM/077/078 | खोलेसिमल वजार देखि गुरौचौर कुमालगाउ टोलसम्म कालोपत्रे (प्रथम पार्ट) | अनेष्ट कन्स्ट्रक्शन भरतपुर १० |
| ६ | 034/WORKS/NCB/KM/077/078 | गडुवा चोक देखि त्रिवेणी चोक नव मिलिजुली डेरी वि पि चोक देखि उत्तर वाटो मर्मत | प्रशंसा कन्स्ट्रक्शन भरतपुर १२ चितवन |
| ७ | 036/WORKS/NCB/KM/077/078 | ढोकुन थार्वलिङ गुम्वा उत्तर वडा नं २ र ६ सिमानावाटा कालोपत्रे | सैयन कन्स्ट्रक्शन, रत्ननगर चितवन |
| ८ | 035/WORKS/NCB/KM/077/078 | वाटो नं. ४ तुलसी चौधरीको घर देखि उत्तर पदमपुर सामुदायिक वन सिमानासम्म कालो पत्रे | सैयन कन्स्ट्रक्शन, रत्ननगर चितवन |
| ९ | 030/WORKS/NCB/KM/077/078 | खोलेसिमल वजार देखि गुरौचौर कुमालगाउ टोलसम्म कालोपत्रे (दोस्रो पार्ट) | संवृद्ध निर्माण सेवा भरतपुर ११ |
| १० | 007/WORKS/NCB/KM/077/078 | भिम वहादुर थापाको घर देखि वडा कार्यालय हुदै जंगल सिमानासम्मको वाटो | पाण्डे कन्स्ट्रक्शन राप्ती ७ चितवन |